बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, रामेछाप

(कार्यक्षेत्रः रामेछाप र दोलखा)

## कृषि विकास कार्यक्रममा सहभागिताका लागि प्रस्ताव आव्हान सम्बन्धि पुनः सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०९/०५**

कृषि विकास कार्यालय, रामेछापको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कृषि विकास कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न मिति २०८१/०७/०९ गते प्रथम पटक सूचना प्रकाशित गरिएकोमा तोकिएको समयभित्र प्रयाप्त मात्रामा उपयुक्त प्रस्तावहरु प्राप्त नभएको हुँदा यस कार्यालयको कार्यक्षेत्र (रामेछाप र दोलखा जिल्ला) भित्रका इच्छुक योग्य आवेदकहरु (कृषक समूह, कृषि सहकारी, कृषिफर्म/कृषि कम्पनीहरु) को लागि यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८१/०९/११) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव पत्र कृषि विकास कार्यालय, रामेछाप वा कार्यालयको सेवा केन्द्र, चरिकोट, दोलखामा पेश गर्नुहुन "एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" को दफा ३ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। साथै इमेल ठेगाना applicationador2081@gmail.com मार्फत पनि आवेदन पेश गर्न सकिनेछ ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु. लाखमा | कैफीयत |
|---|---|---|---|---|---|
| १ | मसलाबाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | २४ | २४ | |
| २ | व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ४० | ४० | |
| ३ | खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | १० | १० | |

नोटः कार्यक्रममा प्रस्ताव पेश गर्ने आवेदकले कम्तिमा कार्यविधिले तोके बमोजिमको क्लष्टरको मापदण्ड बमोजिमको क्षेत्रफलमा प्रस्तावित बाली/वस्तुको उत्पादन गर्नुपर्नेछ ।समुह/सहकारीको हकमा प्रति सदस्य देहाय बमोजिमको क्षेत्रफल हुने गरी क्लष्टर बराबरको क्षेत्रफल पुगेको हुने गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

| बाली/वस्तु | क्लष्टरको बमोजिमको क्षेत्रफल | प्रति सदस्य क्षेत्रफल |
|---|---|---|
| खाद्यान्न बाली | २ हेक्टर | २ रोपनी |
| मसला, फलफुल बाली | १ हेक्टर | १ रोपनी |

कार्यक्रम संचालन सम्बन्धमा अन्य मापदण्डहरु तथा अन्य कुराहरु कार्यविधि बमोजिम हुनेछ ।

प्रस्तावपत्र/आवेदन पेश गर्दा संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु:

१. रु १० को टिकट टाँस सहित कार्यक्रम उल्लेख गरिएको निवेदन माग फारम,
२. कार्यविधिको अनुसुचि ४ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्तावना पत्र ।
३. संस्था दर्ता, नवीकरण, मु.अ.कर/स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कार्यक्रम माग तथा संचालन सम्बन्धि र अख्तियारी प्राप्त व्यक्ति तोकिएको सम्बन्धि संस्थाको निर्णयको छायाँप्रति।
४. अख्तियारी प्राप्त व्यक्ति/प्रतिनिधिको नागरिकताको छायाँप्रति।

मिन बहादुर पुन
प्रमुख

फोन नं. ०४८-५४०३०८, ०४८-५४००६३
ईमेलः adoramechhap@gmail.com, वेवसाईटः ramechhap.ado.gov.np,Facebook Page: कृषि विकास कार्यालय, रामेछाप

५. समुह/सहकारी/निजी फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन, प्रबन्धक पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु

६. सम्बन्धित स्थानीय तह/वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नहुने र कार्यक्रम दिन मनासिव हुने व्यहोरा खुलेको सिफारिस पत्र (एक वडा भन्दा बढी कार्यक्षेत्र भएको संस्था/फर्मको हकमा जुन वडामा कार्यक्रम संचालन गर्ने हो सोही वडाबाट हुनपर्ने)

७. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको कार्यविधिको अनुसूची १ बमोजिमको लालपुर्जाको प्रमाणित प्रतिलिपि। जग्गा भाडामा लिएको भए सम्बन्धित वडा कार्यालय वा नियमानुसारका निकायबाट प्रमाणित करार सम्झौताको प्रतिलिपि

८. कार्यक्रम सञ्चालन गर्ने र लागत साझेदारी बापतको रकम लगानी गर्ने प्रतिबद्धता पत्र।

९. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सोहि कामका लागि सहयोग लिए/नलिएको स्व-घोषणा।

१०. कार्यालयबाट कार्यक्रम सम्बन्धमा माग भएका आवश्यक अन्य कागजातहरु ।

**पुनश्चः** थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०४८-५४०३०८, ५४००६३/९८५४०२४५७९ मा सम्पर्क गर्न सक्नुहुनेछ । कार्यक्रम सम्बन्धी कार्यविधि एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१ कृषि विकास कार्यालय, रामेछापको वेबसाइट **www.ramechhap.ado.gov.np** मा हेर्न र डाउनलोड गर्न सक्नुहुनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका र तोकिएको इमेल ठेगाना बाहेक अन्य इमेलमा आएको आवेदनहरुमाथि कुनै प्रक्रिया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन । साथै इमेल मार्फत प्रस्ताव पेश गर्दा आवश्यक सबै कागजातहरुको एउटा मात्र pdf file बनाइ पेश गर्नुपर्नेछ ।

२०८१/०८/१२

मिन बहादुर पुन
प्रमुख